(लघुकथा)

# निष्कर्ष

-उज्ज्वल जी.सी.

रातको दश बजिसकेकोले गाडीहरु सडकमा कुद्ने क्रम कमै देखिन्थ्यो । रुपा अफिसबाट हतार-हतार घर फर्कंदै थिई । अचानक एउटा ट्याक्सीले सडकबाट पेटीमा उक्लिएर उनलाई धक्का दियो । ड्राइभर भर्खरको सिकारु जवान युवक भएकोले रुपाको शारीरिक आकर्षणप्रति मोहित हुँदै भाग्न सक्ने स्थितिमा पनि गाडी रोकी 'गुहार....गुहार' भन्दै सहारा माग्यो । बाटोमा हिँडिरहेका दुई युवकहरु मद्धतका लागि आइपुगे । तीनजनाको सहयोगमा हस्पिटल पुगुञ्जेलसम्म रुपाको होश खुलेको थिएन । डाक्टरले रगतको आवश्यकता देखायो । एक केटाले तुरुन्त दियो । नयाँ रगतको प्रवेशले रुपा अर्ध होशमा आई । समय-समयमा 'आइया. . .आइया..' भन्ने शब्दले मर्माहत हुँदै अर्को केटोले खुट्टा मिच्न थाल्यो । ड्राइभरले 'म आफ्नो घर बेचेर भए पनि बैनीको उपचार गर्छु' भन्दै आवश्यक सम्पूर्ण खर्चहरु बेहो-यो । तीनजनाको संयुक्त प्रयास र अतुलनीय सहयोगले ७८ दिनभित्रै रुपाले पूर्ण स्वस्थता अनुभूति गर्न थाली । त्यसपछि ड्राइभरसहित तीनजना युवकहरु आ-आफ्नो सेवाको मुल्य बापत केटीलाई जीवनसाथी बनाउन प्रतिष्पर्धा गर्न थाले । ड्राइभरले भन्यो - "दुर्घटना हुँदा म भाग्न पनि सक्थेँ । यदि भागेको भए उनको मृत्यु पेटीमै भैसक्थयो । आजको महँगीमा एकसय रुपियाँको औषधि गर्न नपाएर मान्छेको मृत्यु हुन्छ भने उनको उपचारमा दश हजार मैले खर्च गरिसकेको छु । "

अर्कोले भन्यो - "डाक्टरले रगत माग्दा तुरुन्त मैले नदिएको भए के हुन्थ्यो ? रगतको मुल्य पैसामा तुलना गर्न मिल्छ र ?"

अर्को केटोले भन्यो - " सात,आठ दिनसम्म खुट्टा मिच्ने, दिशा-पिसाब गराइदिने, छिनछिनमा पानी खुवाउने, औषधिहरु खुवाउने मै हूँ । "

तीनै युवकको कुरा सुन्दा केटीलाई कसको गुण बढी र कसको घटी भनेर छुट्याउन गाह्रो प-यो । अन्तमा उनले दुई हात जोड्दै भनी - " तपाईहरु तीनैजनाको ठूलो सहयोगले आज म बाँचेकी छु । मेरो हृदयभित्र तीनैजना जीवनभर श्रद्धा र स्नेहका पात्र बन्नु हुनेछ । तर मैले तपाईहरुको सहयोगको बदलामा एक निष्कर्ष निकालेकी छु । "

उनको निर्णय सुन्न तीनैजना युवकहरु आतुर देखिन्थे । केटीले भनी - " मलाई मृत्युको मुखबाट जोगाउन जसले आफ्नो रगत दियो उसलाई म आजदेखि म बाबुभैं सम्भन्छु । जसले मेरो दिनरात स्याहार-सुसार ग-यो उसलाई म दाजुभैं सम्भन्छु र जसले मलाई दुर्घटनास्थलबाट गाडीमा हालेर अस्पतालसम्म ल्याई उपचारको सम्पूर्ण रकम बेहो-यो उसलाई म पतिको रुपमा स्वीकार्छु ।"